स्थानीय सरकार

# कालीगण्डकी गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

विर्घा, स्याङ्जा

स्थापित २०७३

पत्र संख्याः २०८२/८३

गण्डकी प्रदेश, नेपाल

मितिः २०८२।०६।२९

**कालीगण्डकी गाउँपालिका, स्याङ्जाको सूचना।**

नेपालीहरुको महान पर्व शुभ दिपावली तथा छठपर्व, २०८२ को पावन अवसरमा स्वदेश तथा विदेशमा रहनुभएका सम्पूर्ण कालीगण्डकीवासी आमा, बुवा, दिदीबहिनी एवं दाजुभाईहरुमा शान्ति र समृद्धिको लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दै यस महान् पर्वमा आपसी सद्भाव राखी हर्षोल्लासका साथ चाडपर्व मनाउनुहुन यस कालीगण्डकी गाउँपालिकाको कार्यालय विनम्र अनुरोध गर्दछ, साथै शुभ दिपावली एक मौलिक सांस्कृतिक पर्व भएकोले उक्त पर्व मनाउँदा देहाय बमोजिमका क्रियाकलापहरुलाई विशेष ध्यान दिनुहुन सम्पूर्ण कालीगण्डकीवासीमा अनुरोध गर्दछौं।

**देहायः**

१. देउसी भैलो जस्ता सांस्कृतिक कार्यक्रम राति १० बजे सम्म गर्नुहुन।

२. मादक पदार्थ जस्ता वस्तु सेवन गरी हुलहुज्जत, होहल्ला नगरी आपसी सद्भाव राख्नुहुन र बेलुका ९ बजे पश्चात मादक पदार्थ विक्री वितरण नगर्नुहुन।

३. पटका जस्ता वस्तुले दुर्घटना, आगलागीको जोखिम हुने भएकोले उक्त वस्तु विक्री वितरण एवं खरिद नगर्नु/नगराउनुहुन।

४. प्लाष्टिकजन्य वस्तुको प्रयोग नगरी आफ्नै उत्पादन सयपत्री फूलको प्रयोग गरौं।

५. अपरिचित व्यक्तिको निगरानी गरी नजिकको प्रहरी चौकी वा नगर प्रहरीलाई सूचना गरौं।

**पुनश्चः** तिहार पर्वको मौलिकता, आपसी सद्भाव र सौहार्द तवरले, सुरक्षित, सभ्य र रमाईलो वातावरणमा शुभ दिपावली मनाऔं।

टिका कुमारी क्षेत्री

नि.प्रमुख प्रशासकीय अधिकृत

**Email:** kaligandakiruralmunicipality@gmail.com, **Website:** www.kaligandakimunsyangja.gov.np